# स्थानीय राजपत्र

## मिर्चैया नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या २८ असार ११ गते २०८० साल


**भाग १**

**मिर्चैया नगरपालिका**

**रामनगर मिर्चैया,सिरहा**

नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी मिर्चैया नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत २०८० सालको ऐन नं.२८

## मिर्चैया नगरपालिकाको विकास समिति ऐन, २०८०

**प्रस्तावनाः** मिर्चैया नगरपालिका क्षेत्रभित्रका विकास योजना र विकास कार्यहरुलाई शीघ्र र प्रभावकारी ढंगले कार्यान्वयन गर्दै उचित व्यवस्था गर्न आवश्यक देखिएकोले मिर्चैया नगरपालिकाको नगरसभाले यो ऐन तर्जुमा गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मिर्चैया नगरपालिकाको विकास समिति ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन मिर्चैया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पछी लागू हुनेछ ।

(३) यो ऐन मिर्चैया नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “समिति” भन्नाले दफा ३ अन्तर्गत गठन गरिएको समिति सम्झनु पर्छ ।

(ख) “विदेशी एजेन्सी” भन्नाले कुनै विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय वा विदेशी संस्था समेत लिइनेछ ।

(ग) “सूचित आदेश” भन्नाले स्थानीय राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ ।

(घ) “नगरपालिका ” भन्नाले मिर्चैया नगरपालिकालाई सम्झनु पर्छ ।

**३. समिति गठन गर्ने नगरपालिकाको अधिकारः** (१) नगरपालिकाले उचित वा आवश्यक ठहराएमा सूचित आदेशद्वारा सोही आदेशमा तोकिए बमोजिमको कुनै विकास योजना वा विकास कार्यलाई कार्यान्वित गर्न समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गतको प्रत्येक सूचित आदेशद्वारा समितिका काम कर्तव्यहरु तोकिनेछन् र तत्सम्बन्धी अरु विषयहरुको पनि व्यवस्था हुन सक्दछ ।

(३) समितिमा नगरपालिकाले नियुक्त गरे वमोजिमको व्यक्तिहरु रहनेछन् र सो समिति गठन गर्दा आदेशमा तोके बमोजिमको नामले प्रचलित हुनेछ ।

**४. समितिहरुलाई संस्था मान्नेः** दफा (३) अन्तर्गत गठन भएको प्रत्येक समिति अविछिन्न उत्तराधिकारवाला संस्था हुनेछ र त्यस समितिको सबै कामका निमित्त एउटै छाप हुनेछ र व्यक्ति सरह चल अचल सम्पत्ति लेनदेन गर्ने तथा राख्ने त्यस समितिलाई अधिकार हुनेछ । सो समितिले ब्यक्तिसरह नालेस गर्न र निज उपर पनि व्यक्ति सरह नालस उजूरी लाग्न सक्नेछ ।

**५. समितिको कोषः** (१) दफा ३ अन्तर्गत गठन गरिएको समितिको कोषमा देहायका कुरा सम्मिलित हुनेछः-

(क) संघीय सरकार, प्रदेश सरकार, नगरपालिका र अरु कुनै गैर-सरकारी संघसंस्था वा व्यक्तिले प्रदान गरेको अनुदान तथा सहयोग रकम,

(ख) कुनै विदेशी एजेन्सीले दिएको कार्यक्रम सहयोग रकम ।

(२) समिति गठन गर्नको निमित्त निकालिएको आदेशमा तोकिएका काममा कार्यक्रमहरु कार्यान्वित गर्नको निमित्त समितिको कोष उपयोग गरिनेछ ।
(३) समितिले आफूले बनाएको नियममा तोकिएको कार्यक्रम र कार्यप्रणाली बमोजिम काम गर्नेछ र सोही बमोजिम हिसाव किताब पनि राख्नेछ । तर दफा ३ अन्तर्गत समिति गठन गर्नको निमित्त निकास लिएको आदेशमा लेखिएमा समितिले बनाएका नीति नियममा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

६. **समितिका कर्मचारीहरुः** (१) समितिका कामहरु सुचारुरुपले सञ्चालन गर्नका लागि आबश्यकतानुसार समितिले कर्मचारीहरु नियुक्त गर्न सक्नेछ । तर प्रादेशिक लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्धान्तहरु र तरिका अनुसार बाहेक अरु कुनै तरिकावाट कुनै व्यक्तिलाई नियुक्त गर्नु हुदैन ।

(२) समितिलाई आवश्यक भएको अवस्थामा नगरपालिका का कर्मचारीहरुको सेवा लिन सकिनेछ । तर त्यसरी खटिएका कारणबाट तिनको साबिकको नोकरीको शर्तहरुमा कुनै असर पर्ने छैन ।

७. **आदेश नियम जारी गर्ने नगरपालिका को अधिकारः** समितिको काम कारवाहीको विषयमा नगरपालिकाले समय समयमा नियम वा आदेश जारी गर्न सक्नेछ र त्यस्ता नियम वा आदेशहरु पालन गर्नु त्यस समतिको कर्तव्य हुनेछ ।

८. **समितिको बिघटनः** (१) समितिले कार्यान्वित गर्न लागेको कुनै विकास योजना वा बिकास कार्य नेपाल सरकारले नै बढी मात्रामा सुचारुरुपले कार्यान्वित गर्न सक्तछ भन्ने वा त्यसको काम पूरा भैसकेको छ भन्ने नगरपालिकालाई लागेमा नगरपालिकाले सूचित आदेशद्वारा समितिलाई बिघटन गर्न सक्नेछ

(२) समिति विघटन भएको खण्डमाः-

(क) समितिको सबै हक जायजात र ऋण नगरपालिकाको हुनेछ,

(ख) समितिसँग लिएका सबै ठेक्काहरु नगरपालिकासँग लिइएका मानिने छन् ।

९. **मध्यस्थताद्वारा विवादको समाधान गर्ने**ः (१) समितिसंग भएको कुनै सम्झौता र त्यसलाई कार्यान्वित गर्ने कुराका सम्बन्धमा विवाद उत्पन्न भएमा विवाद समाधानको लागि मध्यस्थ समक्ष पठाउनु पर्ने गरी सो सम्झौतामा ब्यबस्था भएकोमा सोही सम्झौता अनुसार विवाद समाधान हुनेछ ।

(२) विवाद समाधानको लागि उपदफा (१) अन्तर्गत मध्यस्थ समक्ष पठाईएको विवादको सम्बन्धमा साक्षी, प्रमाण बुझने, साक्षीहरुलाई उपस्थिति गराउने र लिखतहरु पेश गराउने अधिकार निजलाई हुनेछ ।

(३) मध्यस्थको निर्णय अन्तिम हुनेछ र दुबै पक्षहरु उपर मान्य हुनेछ । तर मर्का पर्ने पक्षको प्रचलित कानून बमोजिम तोकिएको अदालतमा पुनरावेदन दिन यस उपदफाले बाधा पु-याएको मानिने छैन ।

(४) मध्यस्थद्वारा भएको निर्णयलाई प्रचलित कानून बमोजिम कार्यान्वयन गर्नेछ ।

१०. **नियम बनाउन सक्ने**ः यस दफाको उद्देश्य कार्यान्वित गर्न नगरपालिकाले नियम,निर्देशिका ,कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।.

११ **बचाऊः** यस ऐनमा लेखिएका कुराहरु यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित कानून बमोजिम हुनेछ र यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

१२ **संघीय तथा प्रदेश कानुनसँग बाझिएमा :** यस ऐनमा उल्लिखित कुनै प्रावधान प्रदेश वा संघीय कानुनमा भएको व्यवस्थासँग बाझिएमा प्रदेश वा संघीय कानुन वमोजिम हुनेछ ।

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत